# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०८०।१२।१८ गते।

# प्रेस विज्ञप्ति

### विषय: आरोपपत्र दायर गरिएको।

जिल्ला मोरङ्ग, कोशी अस्पताल कोभिड-१९ केन्द्र, विराटनगरमा High Dependency Unit (HDU) जडान तथा सञ्चालन गर्न सामाग्री खरिदको लागि स्वास्थ्य निर्देशनालय, धनकुटाले आव्हान गरेको बोलपत्रमा न्यून कबोल गर्नेलाई छनौट नगरी अनियमितता गरेको भन्ने उजुरी निवेदन सम्बन्धमा अनुसन्धान हुँदा स्वास्थ्य निर्देशनालय, धनकुटाले कोशी अस्पताल कोभिड-१९ उपचार केन्द्र, बिराटनगरको लागि HDU को उपकरण खरिद गर्दा सार्बजनिक खरिद ऐन, २०६३ को दफा १४ को उपदफा (४ख) बमोजिम पेश भएका कुनैपनि बोलपत्रहरु सारभूत रुपमा प्रभावग्राही नभएको अवस्थामा पुनः बोलपत्र प्रक्रिया थालनी गर्नुपर्नेमा सो नगरी स्वास्थ्य सेवा निर्देशनालय, धनकुटाले बोलपत्रसाथ संलग्न गरेको Requirements (Goods Compatibility) पूरा गरेको नदेखिएको अवस्थामा पनि योग्यता पूरा गरेको भनी प्राबिधिक दृष्टिकोणबाट प्रक्रिया पुरा नभएको बोलपत्रलाई प्रक्रिया पुरा भएको भनी मूल्याङ्कन समितिवाट गलत लिखत तयार गरी/गराई गलत लिखत प्रतिवेदनको आधारमा बोलपत्र मूल्याङ्कन समितिको बैठकले सार्वजनिक खरिद नियमावली, २०६३ को नियम ६२(२) बमोजिमको बोलपत्रमा रहेको भिन्नता खुलाउनु पर्ने अनिवार्य व्यवस्थाको प्रतिकूल सबैभन्दा बढी रकम कवोल गर्ने Hospitec Enterprises Pvt. Ltd., Tinkune, Kathmandu द्वारा पेश भएको बोलपत्र स्वीकृत गर्ने निर्णय गरी/गराई HDU को उपकरण खरिद गरेको देखिन्छ। उक्त खरिद प्रक्रियामा पेश हुन आएका ३ वटा बोलपत्रदाताहरूले अनिवार्य रूपमा पेश गर्नुपर्ने कागजातहरू पेश नगरेका कारणले ३ वटै बोलपत्रहरू सारभूत रुपमा प्रभावग्राही नभएको अवस्थामा पुनः बोलपत्र प्रक्रिया थालनी गर्नुपर्नेमा सो नगरी कोभिड महामारीको विशेष परिस्थिति देखाई अत्यावश्यक स्वास्थ्य पूर्वाधार HDU को उपकरण खरिद गर्नैपर्ने वाध्यता रहेको अवस्था मान्दासमेत सबै भन्दा कम रकम कवोल गर्ने बोलपत्रदातालाई छनौट गर्नुपर्नेमा गैरकानूनी लाभ लिने बदनियतले सबैभन्दा बढी रकम कवोल गर्ने बोलपत्रदातालाई छनौट गरेकोले यसरी तेस्रो हुने र पहिलो हुने फर्महरूद्वारा कवोल गरिएको रकमको अन्तर रु.२,८९,६६,०५०।- बराबर अस्वाभाविक रुपमा बढी मूल्य तिरी खरिद गर्ने/गराउने कार्य गरे/गराएको पुष्टि भएको हुँदा भ्रष्टाचार निवारण ऐन, २०५९ बमोजिम भ्रष्टाचारजन्य कसुरमा संलग्न देहायका प्रतिवादीहरुउपर देहायबमोजिमको सजाय हुन मागदावी लिई आज बिशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको छ।

**देहाय:**

| सि.नं | नामथर, पद र कार्यालय | बिगो रु. | कसुर तथा सजायको मागदाबी |
|---|---|---|---|
| १. | High Dependency Unit (HDU) को उपकरण खरिद मूल्याङ्कन समितिका संयोजक तथा स्वास्थ्य निर्देशनालय धनकुटाका तत्कालीन निर्देशक चन्द्रदेब मेहता | रु.२,८९,६६,०५०।- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ज) बमोजिमको कसुरमा सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम कैद र बिगो बमोजिम जरिवाना गरी बिगोसमेत असुल उपर हुन एवं मूल्याङ्कन समितिबाट गलत लिखत तयार गरी/गराई |

| | | | |
|---|---|---|---|
| | | | प्रतिवेदनसमेत दिएकोले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ बमोजिमको कसुरमा सोही ऐनको दफा ९ बमोजिमसमेत सजाय हुन मागदाबी लिइएको छ। |
| २. | High Dependency Unit (HDU) खरिद मूल्याङ्कन समितिका सदस्य तथा प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र, बिराटनगरका वायोमेडिकल इन्जिनियर कुशल दाहाल | रु.२,८९,६६,०५०।- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ञ) बमोजिमको कसुरमा सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम कैद र बिगो बमोजिम जरिवाना गरी बिगोसमेत असुल उपर हुन एवं मूल्याङ्कन समितिबाट गलत लिखत तयार गरी/गराई प्रतिवेदनसमेत दिएकोले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ बमोजिमको कसुरमा सोही ऐनको दफा ९ बमोजिमसमेत सजाय हुन मागदाबी लिइएको छ। |
| ३. | High Dependency Unit (HDU) को उपकरण खरिद मूल्याङ्कन समितिका सदस्य स्वास्थ्य निर्देशनालय, धनकुटाका लेखा अधिकृत डण्डरसिंह बिश्वकर्मा | रु.२,८९,६६,०५०।- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ञ) बमोजिमको कसुरमा सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम कैद र बिगो बमोजिम जरिवाना गरी बिगोसमेत असुल उपर हुन एवं मूल्याङ्कन समितिबाट गलत लिखत तयार गरी/गराई प्रतिवेदनसमेत दिएकोले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ बमोजिमको कसुरमा सोही ऐनको दफा ९ बमोजिमसमेत सजाय हुन मागदाबी लिइएको छ। |
| ४. | High Dependency Unit (HDU) को उपकरण खरिद मूल्याङ्कन समितिका सदस्य स्वास्थ्य निर्देशनालय, धनकुटाका खोप अधिकृत उदेश कुमार श्रेष्ठ | रु.२,८९,६६,०५०।- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ञ) बमोजिमको कसुरमा सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम कैद र बिगो बमोजिम जरिवाना गरी बिगोसमेत असुल उपर हुन एवं मूल्याङ्कन समितिबाट गलत लिखत तयार गरी/गराई प्रतिवेदनसमेत दिएकोले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ बमोजिमको कसुरमा सोही ऐनको दफा ९ बमोजिमसमेत सजाय हुन मागदाबी लिइएको छ। |
| ५. | Hospitec Enterprises Pvt. Ltd., Tinkune, Kathmandu, Nepal र उक्त प्रा.लि.का संचालक विशाल पण्डित | रु.२,८९,६६,०५०।- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) देहाय (ञ) बमोजिमको कसुरमा मतियारको भूमिका निर्वाह गरी भ्रष्टाचार |

| | | | |
|---|---|---|---|
| | | | निवारण ऐन, २०५९ को दफा २२ बमोजिमको कसुर गरेकोले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(१) बमोजिम मूल कसुरदारलाई हुने सजायलाई आधार मानी निजहरुलाई सोही ऐनको दफा २२ को प्रतिवन्धात्मक व्यवस्था बमोजिम मुख्य कसुरदारलाई हुने सजाय बरावर नै सजाय हुन मागदाबी लिइएको छ। |
| ६. | Hospitec Enterprises Pvt. Ltd., Tinkune, Kathmandu, Nepal का बजार व्यवस्थापक मनोज कुमार आचार्य | रु.२,८९,६६,०५०।- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ज) बमोजिमको कसुरमा मतियारको भूमिका निर्वाह गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ बमोजिमको कसुर गरेकोले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(१) बमोजिम मूल कसुरदारलाई हुने सजायलाई आधार मानी सोही ऐनको दफा २२ को प्रतिवन्धात्मक व्यवस्था बमोजिम मुख्य कसुरदारलाई हुने सजाय बरावर नै सजाय हुन मागदाबी लिइएको छ। |

प्रवक्ता
नरहरि घिमिरे